# नेपाल राष्ट्र बैंक पुनरकर्जा कार्यविधि, २०७७

मस्यौदा

नेपाल राष्ट्र बैंक

बैंक तथा वित्तीय संस्था नियमन विभाग

# विषय सूची


| | | पेज नं. |
|---|---|---|
| | परिच्छेद-१ | |
| (१) | संक्षिप्त नाम, प्रारम्भ | १ |
| (२) | परिभाषा | १ |
| | परिच्छेद -२ | |
| (३) | पुनरकर्जाको वर्गीकरण | २ |
| (४) | पुनरकर्जाको ब्याजदर | २ |
| (५) | पुनरकर्जा कोषको सीमा | २ |
| (६) | पुनरकर्जा कोषको स्रोत | ३ |
| (७) | पुनरकर्जाको अवधि | ३ |
| (८) | पुनरकर्जा सुविधाको सीमा | ३ |
| | परिच्छेद -३ | |
| (९) | पुनरकर्जा प्रदान गर्ने प्रक्रिया | ३ |
| (१०) | ग्राहक ऋणी अनुसार प्रदान गरिने पुनरकर्जा सम्बन्धी व्यवस्था | ५ |
| | परिच्छेद -४ | |
| (११) | पुनरकर्जाको लागि आवेदन दिन पाउने इजाजतपत्रप्राप्त संस्था | ६ |
| (१२) | पुनरकर्जा सुविधाका लागि योग्य कर्जाहरू | ७ |
| (१३) | पुनरकर्जा सुविधाका लागि अयोग्य कर्जाहरू | ८ |
| | परिच्छेद -५ | |
| (१४) | पुनरकर्जा अनुगमन तथा निरीक्षण | ८ |
| | परिच्छेद -६ | |
| (१५) | इजाजतपत्रप्राप्त संस्थाको जिम्मेवारी | ९ |
| | परिच्छेद -७ | |
| (१६) | पुनरकर्जासम्बन्धी अन्य व्यवस्थाहरू | १० |
| | परिच्छेद -८ | |
| (१७) | दण्ड र जरिवाना | ११ |
| (१८) | बाधा अड्काउ, फुकाउ | ११ |
| (१९) | बचाउ | ११ |
| | अनुसूचीहरू १-६ सम्म | १२-२१ |


मस्यौदा

# नेपाल राष्ट्र बैंक पुनरकर्जा कार्यविधि, २०७७

नेपाल राष्ट्र बैंकबाट उपलब्ध गराइने पुनरकर्जा सुविधालाई थप व्यवस्थित र प्रभावकारी बनाउने उद्देश्यले, नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ११० को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी देहायको कार्यविधि बनाइएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "नेपाल राष्ट्र बैंक पुनरकर्जा कार्यविधि, २०७७" रहेको छ ।

(१) यो कार्यविधि स्वीकृत भएको मितिबाट लागू हुनेछ ।*

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(१) **'बैंक'** भन्नाले नेपाल राष्ट्र बैंक ऐन, २०५८ बमोजिम स्थापना भएको नेपाल राष्ट्र बैंक सम्झनु पर्छ ।

(२) **'सञ्चालक समिति'** भन्नाले नेपाल राष्ट्र बैंकको सञ्चालक समिति सम्झनुपर्छ ।

(३) **'ब्याज अनुदान कार्यविधि'** भन्नाले नेपाल सरकार मन्त्रिपरिषद्बाट स्वीकृत सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५ सम्झनुपर्छ ।

(४) **'पुनरकर्जा'** भन्नाले इजाजतपत्रप्राप्त संस्थाले प्रवाह गरेको कर्जाको सुरक्षणमा नेपाल राष्ट्र बैंकबाट उपलब्ध गराइने कर्जा सम्झनुपर्छ ।

(५) **'असल कर्जा'** भन्नाले नेपाल राष्ट्र बैंकबाट जारी भएको कर्जा वर्गीकरण सम्बन्धी निर्देशन बमोजिमको असल कर्जा सम्झनुपर्छ ।

(६) **'इजाजतपत्रप्राप्त संस्था'** भन्नाले नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त गरेका 'क', 'ख' 'ग' र 'घ' वर्गका बैंक तथा वित्तीय संस्था सम्झनुपर्छ ।

(७) **'कोष'** भन्नाले नेपाल राष्ट्र बैंकको सञ्चालक समितिले समय समयमा निर्धारण गरे बमोजिमको **पुनरकर्जा कोष** सम्झनुपर्छ ।

(८) **'लघु, घरेलु तथा साना उद्यम कर्जा'** भन्नाले उद्यमी स्वयं कारोवार तथा व्यवसायमा संलग्न भई सञ्चालन गरिएका उद्यम, व्यापार तथा व्यवसायमा प्रवाह भएको रु.१५ लाख सम्मको कर्जा सम्झनुपर्छ ।

* यो कार्यविधि मिति २०७७/०३/...... मा स्वीकृति भई कार्यान्वयनमा आएको छ ।

## परिच्छेद -२
## पुनरकर्जाको वर्गीकरण, ब्याजदर र अवधि

३. **पुनरकर्जाको वर्गीकरण** : बैंकबाट प्रदान गरिने पुनरकर्जालाई देहाय बमोजिम वर्गीकरण गरिएको छ ।

(१) लघु, घरेलु तथा साना उद्यम पुनरकर्जा

उद्यमी स्वयं संलग्न भई सञ्चालन गरिएका उद्यम, व्यापार तथा व्यवसायमा प्रवाह भएको रु.१५ लाखसम्मको कर्जा सुविधाको लागि प्रदान गरिने पुनरकर्जालाई **लघु, घरेलु तथा साना उद्यम** पुनरकर्जा मानिनेछ ।

(२) विशेष पुनरकर्जा

बैंकले समय समयमा कुनै क्षेत्र विशेषलाई विशेष प्राथमिकता दिने गरी प्रदान गरिने पुनरकर्जालाई विशेष पुनरकर्जा भनिनेछ । यस अन्तर्गत हाल कायम रहेको निर्यात, महिला उद्यमी, फरक ढङ्गले सक्षम व्यक्तिले सञ्चालन गरेका उद्यम/व्यवसाय, प्राकृतिक प्रकोपबाट प्रभावित क्षेत्रमा प्रदान गरिएको पुनरकर्जाहरूलाई मानिनेछ ।

(३) साधारण पुनरकर्जा

बुँदा नं. १ र २ को वर्गीकरणमा नपरेका र बैंकले समय समयमा तोकेको सबै पुनरकर्जाहरूलाई साधारण पुनरकर्जा मानिनेछ ।

४. **पुनरकर्जाको ब्याजदर:**

(१) पुनरकर्जा प्राप्त गर्ने इजाजतपत्रप्राप्त संस्थाले बैंकलाई तिर्नुपर्ने ब्याजदर र सम्बन्धित ग्राहक/ऋणीहरूबाट लिने ब्याजदर बैंकले समय समयमा तोके बमोजिम हुनेछ । पुनरकर्जाका लागि हाल विद्यमान ब्याजदर देहाय बमोजिम तोकिएको छ ।

| क्र.सं. | पुनरकर्जाको प्रकार | नेपाल राष्ट्र बैंकले लिने ब्याजदर | इजाजतपत्रप्राप्त संस्थाले ग्राहकबाट लिने ब्याजदर |
|---|---|---|---|
| १. | **लघु, घरेलु तथा साना उद्यम** पुनरकर्जा | २ | ५ |
| २. | विशेष पुनरकर्जा* | १ | ३ |
| ३. | साधारण पुनरकर्जा | ३ | ५ |

* *विशेष पुनरकर्जामा यसअघि कुनै कर्जा विशेषलाई छुट्टै पुनरकर्जा दर तोकिएको अवस्थामा सोही दर लागू हुनेछ ।*

५. **पुनरकर्जा कोषको सीमा:**

(१) पुनरकर्जा कोषको सीमा सञ्चालक समितिले समय समयमा निर्धारण गरे बमोजिम हुनेछ । यस्तो कोषलाई पुनरकर्जाको जोखिम व्यहोर्ने कोषको रुपमा उपयोग गरिनेछ । बैंकले यस

कोषमा रहेको रकमको अधिकतम पाँच गुणासम्म पुनरकर्जा प्रदान गर्न सक्ने गरी सीमा तोकिएको छ ।

(२) पुनरकर्जा प्रदान गर्न सकिने उपरोक्त सीमाभित्र रही बैंकले सो सीमाको ७० प्रतिशतसम्म एकमुष्टरुपमा क, ख, ग वर्गका इजाजतपत्रप्राप्त संस्थालाई, २० प्रतिशतसम्म ग्राहक अनुसार मूल्याङ्कन गरी क, ख, ग वर्गका इजाजतपत्रप्राप्त संस्थालाई र १० प्रतिशतसम्म 'घ' वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई पुनरकर्जा प्रदान गर्नेछ ।

६. **पुनरकर्जा कोषको स्रोतः**

पुनरकर्जा कोषको स्रोतको रुपमा देहाय बमोजिमका रकमहरु रहने छन् ।

(१) बैंकमा विद्यमान रहेको पुनरकर्जा कोषको रकम,

(२) सञ्चालक समितिले तोकेका बैंकका अन्य कोषको रकम,

(३) दातृ निकायबाट प्राप्त भई नेपाल सरकारबाट स्वीकृति प्रदान भएका रकम,

(४) नेपाल सरकारले प्रदान गरेको अन्य रकम ।

७. **पुनरकर्जाको अवधिः** यस कार्यविधि बमोजिम प्रदान गरिने पुनरकर्जाको अवधि नेपाल राष्ट्र बैंक ऐन, २०५८ अनुसार बढीमा एक वर्षको हुनेछ ।

८. **पुनरकर्जा सुविधाको सीमाः**

(१) बैंकबाट आह्वान गरी इजाजतपत्रप्राप्त संस्थालाई एकमुष्ट प्रदान हुने प्रति ग्राहक पुनरकर्जाको अधिकतम सीमा रु.१० करोड हुनेछ । यस्तो पुनरकर्जा रकम कुल पुनरकर्जा प्रदान गर्ने रकमको ७० प्रतिशतभन्दा बढी हुने छैन ।

(२) बैंकले ग्राहक अनुसार मूल्याङ्कन गरी उपलव्ध गराउने साधारण पुनरकर्जाको प्रति ग्राहक अधिकतम सीमा रु.२० करोडसम्म हुनेछ । यस्तो पुनरकर्जा रकम कुल पुनरकर्जा प्रदान गर्न सकिने रकमको २० प्रतिशतभन्दा बढी हुने छैन ।

(३) बैंकबाट आह्वान गरी इजाजतपत्रप्राप्त 'घ' वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई प्रदान गरिने पुनरकर्जा रकम कुल पुनरकर्जा प्रदान गर्न सकिने रकमको १० प्रतिशतभन्दा बढी हुने छैन ।

## परिच्छेद -३
## पुनरकर्जा प्रदान गर्ने प्रक्रिया

९. **पुनरकर्जा प्रदान गर्ने प्रक्रियाः** इजाजतपत्रप्राप्त संस्थाले प्रदान गरेको असल कर्जाको सुरक्षणमा बैंकले देहाय बमोजिमको प्रक्रियाबाट पुनरकर्जा प्रदान गर्नेछ ।

(१) प्रतिग्राहक रु. १५ लाख सम्मको **लघु, घरेलु तथा साना उद्यम** पुनरकर्जा, रु.१० करोड रुपैयाँसम्मका विशेष पुनरकर्जा र साधारण पुनरकर्जा इजाजतपत्रप्राप्त 'क', 'ख' र 'ग' वर्गका इजाजतपत्रप्राप्त संस्थाहरूलाई एकमुष्ट रूपमा प्रदान गरिनेछ ।

(२) बुँदा नं.१ बमोजिमका पुनरकर्जाहरू प्रदान गर्दा देहाय बमोजिमको प्रक्रिया अवलम्बन गरिनेछ ।

(क) एकमुष्ट रूपमा प्रदान गरिने पुनरकर्जाको लागि बैंकले इजाजतपत्रप्राप्त संस्थाहरूवाट आवेदन आह्वान गर्नेछ ।

(ख) उक्त आव्हानमा तोकिएको समयावधि भित्रमा इजाजतपत्रप्राप्त संस्थाले आफ्ना प्रत्येक शाखाहरूबाट **लघु, घरेलु तथा साना उद्यम**, विशेष र साधारण पुनरकर्जा पाउने ऋणीका लागि प्रतिशाखा न्यूनतम पाँच ग्राहकले सुविधा पाउनेगरी अनुसूची-६ मा उल्लिखित विवरण समावेश गरी निवेदन पेश गर्न सक्नेछन् ।

(ग) एकमुष्ट पुनरकर्जाको लागि निवेदन पेश गर्न तोकिएको म्याद समाप्त भएका एक महिनाभित्र बैंकले पुनरकर्जा सम्वन्धी निर्णय गर्नेछ । यसरी पुनरकर्जा स्वीकृत गर्दा पूर्ण वा आंशिकरूपमा पुनरकर्जा स्वीकृत गर्न सकिनेछ ।

(घ) एकमुष्ट पुनरकर्जा स्वीकृत भएपछि सम्बन्धित इजाजतपत्रप्राप्त संस्थामा सो रकमको प्रवाह, बजारको अवस्था, इजाजतपत्रप्राप्त संस्थाको तरलताको अवस्था आदिलाई दृष्टिगत गरी विभिन्न समय-अन्तरालमा अलग अलग किस्तामा उपलब्ध गराउने गरी वितरणको तालिका बनाई सोही अनुसार प्रवाह हुनेछ ।

(ङ) स्वीकृत पुनरकर्जा रकम भुक्तानी हुनुअघि सम्बन्धित इजाजतपत्रप्राप्त संस्थाले बैंक समक्ष आवश्यक कागजात सहित तमसुक लगायतका प्रक्रिया पूरा गर्नुपर्नेछ ।

(च) तमसुकको प्रकृया सम्पन्न भई इजाजतपत्रप्राप्त संस्थाले भुक्तानी प्राप्त गरे पश्चात सम्बन्धित सबै ग्राहकलाई पुनरकर्जा वापत प्रदान गर्नुपर्ने ब्याजदर सुविधा पुनरकर्जा अवधिभर प्रदान गर्नुपर्नेछ ।

(३) इजाजतत्रप्राप्त 'घ' वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई एकमुष्ट रुपमा देहायको प्रकृया अवलम्वन गरी पुनरकर्जा उपलब्ध गराइने छ ।

(क) पुनरकर्जाको लागि बैंकले इजाजतपत्रप्राप्त 'घ' वर्गका संस्थाहरूवाट आवेदन आह्वान गर्नेछ ।

(ख) उक्त आव्हानमा तोकिएको समयावधि भित्र पुनरकर्जा आवश्यक पर्ने इजाजतपत्रप्राप्त 'घ' वर्गका संस्थाले निवेदन पेश गर्न सक्नेछन् ।

(ग) एकमुष्ट पुनरकर्जाको लागि निवेदन पेश गर्न तोकिएको म्याद समाप्त भएको एक महिनाभित्र बैंकले पुनरकर्जा सम्वन्धी निर्णय गर्नेछ । यसरी पुनरकर्जा स्वीकृत गर्दा पूर्ण वा आंशिक रूपमा स्वीकृत गर्न सकिनेछ ।

(घ) एकमुष्ट पुनरकर्जा स्वीकृत भएपछि सम्बन्धित इजाजतपत्रप्राप्त 'घ' वर्गका संस्थामा सो रकमको प्रवाह, बजारको अवस्था, संस्थाको तरलताको अवस्था आदिलाई दृष्टिगत गरी एकै पटक वा विभिन्न समय-अन्तरालमा अलगअलग किस्तामा प्रवाह गर्न सकिनेछ ।

(ङ) बैंकबाट स्वीकृत रकम भुक्तानी हुनुअघि सम्बन्धित इजाजतपत्रप्राप्त संस्थाले बैंक समक्ष आवश्यक कागजात सहित तमसुक लगायतका प्रक्रिया पूरा गर्नुपर्नेछ ।

(च) तमसुकको प्रकृया सम्पन्न भई इजाजतपत्रप्राप्त संस्थाले भुक्तानी प्राप्त गरे पश्चात यस्तो पुनरकर्जा प्राप्त गर्ने संस्थाले प्राप्त श्रोतको आधारमा सम्पूर्ण ऋणीको व्याजदर कम हुने गरी व्याजदरमा समायोजन गर्नु पर्नेछ ।

१०. **ग्राहक ऋणी अनुसार प्रदान गरिने पुनरकर्जा सम्बन्धी व्यवस्था** : बैंकले ग्राहकको वित्तीय अवस्था लगायतको विश्लेषण गरी प्रदान गरिने पुनरकर्जा सम्बन्धमा देहाय बमोजिम हुनेछ :

(१) ग्राहक ऋणी अनुसार प्रदान गरिने पुनरकर्जा सुविधा औद्योगिक व्यवसाय ऐन, २०७३ ले तोकेको राष्ट्रिय प्राथमिकता प्राप्त उद्योगमा प्रवाह भएको रु.२० करोडसम्मका कर्जाको लागि प्रदान गरिने छ ।

(२) **पुनरकर्जाका लागि आवेदन दिँदा संलग्न गर्नुपर्ने कागजात तथा विवरण** :

(क) इजाजतपत्रप्राप्त संस्थाले पुनरकर्जा सुविधा प्राप्त गर्नका लागि ग्राहक ऋणी सम्बन्धी देहाय बमोजिमका कागजात संलग्न गरी आवेदन पेश गर्नु पर्नेछ ।

(१) ग्राहक ऋणीले पुनरकर्जा सुविधाको लागि पेश गरेको निवेदन,

(२) कम्पनीको लेखापरीक्षण गरिएको पछिल्लो तीन आर्थिक वर्षको वित्तीय विवरण,

(३) पछिल्लो आर्थिक वर्षको कर चुक्तारदाखिला प्रमाणपत्र,

(४) कम्पनी सम्बन्धी कर्जा सुचना केन्द्रको विवरण,

(५) कायम व्याजदर देखिने System Generated Customer Liability Report,

(६) निर्यात पुनरकर्जाको हकमा निर्यात सम्बन्धी कागजात

(क) विगत वर्षहरुमा भएको निर्यात र विदेशी मुद्रा आर्जन भएको पुष्टि हुने कागजात ।

(ख) निर्यात व्यवसाय पुष्टि हुने अन्य कागजात ।

(७) ग्राहक ऋणीले यस भन्दा अगाडि उपयोग गरेको पुनरकर्जा सुविधाको रकम तथा अवधि सम्बन्धी विवरण (अनुसुची ३ बमोजिम) ।

(८) ग्राहक ऋणीले अन्य इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था मार्फत पुनरकर्जा सुविधा उपयोग नगरेको सम्बन्धमा स्वःघोषणा ।

(९) रोजगारी सृजना, विदेशी मुद्रा आर्जन लगायत अर्थतन्त्रमा पुऱ्याएको योगदान सहितको कम्पनीको संक्षिप्त विवरण ।

(ख) इजाजतपत्रप्राप्त संस्थाले पुनरकर्जाको आवेदन पेश गर्दा ग्राहक ऋणीको कर्जा वर्गीकरण, कर्जा प्रवाह मिति, कर्जा भुक्तान मिति र कर्जाको ब्याजदर स्पष्टरुपमा खुलाउनुको अतिरिक्त कुन प्रकारको पुनरकर्जाको लागि आवेदन पेश गरेको हो सो व्यहोरा अनुसुची ४ बमोजिम स्पष्टरुपमा किटान गर्नुपर्ने छ ।

(ग) इजाजतपत्रप्राप्त संस्थाले पुनरकर्जा माग गर्दा सबै प्रदेशका ग्राहक ऋणी समेटिने गरी माग गर्नु पर्नेछ ।

(घ) इजाजतपत्रप्राप्त संस्थाले पुनरकर्जाको लागि आवेदन दिँदा पुनरकर्जाको लागि तोकिएका क्षेत्रभित्र रहेर मात्र आवेदन दिनु पर्नेछ ।

(ङ) ग्राहक ऋणीलाई ब्याजदरको कारणबाट सहुलियत प्राप्त हुने हुँदा इजाजतपत्रप्राप्त संस्थाले पुनरकर्जाको आवेदन दिँदा सिमित ग्राहकलाई मात्र सहुलियत प्राप्त हुने गरी पुनरकर्जा माग गर्न पाइने छैन ।

(३) **पुनरकर्जा प्रदान गर्ने आधारहरुः** बैंकले देहाय बमोजिमको कागजात तथा प्रकृया पुरा भए नभएको यकिन गरी पुनरकर्जा स्वीकृतिको कारवाही अगाडि बढाउनु पर्नेछ :-

(१) ग्राहक ऋणीको सम्पूर्ण वित्तीय विवरण लगायत कागजात पेश भए/नभएको ।

(२) ग्राहक ऋणीले पुनरकर्जा प्राप्त गर्न पेश गरेको पछिल्लो आर्थिक वर्षको वित्तीय विवरण र सम्बन्धित कर कार्यालयमा पेश गरेको विवरण मेल खाए/नखाएको ।

(३) ऋण स्वःलगानी अनुपात (Debt to Equity Ratio) बैंकले तोके बमोजिम रहे/नरहेको ।

(४) ग्राहक ऋणीको व्यवसाय/कारोबार/परियोजना अर्थतन्त्रमा योगदान पुऱ्याउने तथा समग्ररुपमा औचित्यपूर्ण भए/नभएको ।

(५) ग्राहक ऋणीको व्यवसाय/कारोबार/परियोजनाको वित्तीय अवस्थानुसार पुनरकर्जाको ब्याजदरबाट प्राप्त हुने सहुलियत प्रदान गर्न उचित भए/नभएको ।

(६) इजाजतपत्रप्राप्त संस्था तथा ग्राहक ऋणीको हकमा तोकिएका अन्य शर्त पालना भए/नभएको ।

## परिच्छेद -४
## पुनरकर्जाका लागि आवेदन र योग्यता

११. **पुनरकर्जाको लागि आवेदन दिन योग्य इजाजतपत्रप्राप्त संस्थाः** 'क', 'ख','ग' र 'घ' वर्गका इजाजतपत्रप्राप्त संस्थाहरू पुनरकर्जाको लागि आवेदन पेश गर्न योग्य हुनेछन् । तर, देहाय बमोजिमका इजाजतपत्रप्राप्त संस्थाहरु  पुनरकर्जाको लागि आवेदन पेश गर्न योग्य हुने छैनन् ।

(१) बैंकबाट समस्याग्रस्त घोषणा भएका इजाजतपत्रप्राप्त संस्थाहरु ,

(२) समस्याग्रस्तबाट मुक्त भई तोकिएको न्यूनतम पुँजीकोष तथा चुक्ता पुँजी पुरा नगरेका इजाजतपत्रप्राप्त संस्थाहरु , र

(३) बैंकले समय समयमा पुनरकर्जा सुविधा नपाउने गरी तोकेका इजाजतपत्रप्राप्त संस्थाहरु ।

१२. **पुनरकर्जाका लागि योग्य कर्जाहरूः** पुनरकर्जा सुविधाका लागि देहाय बमोजिमका कर्जाहरू योग्य मानिनेछन् ।

(१) **लघु, घरेलु तथा साना उद्यम पुनरकर्जाका लागि देहायबमोजिमका कर्जाहरू योग्य मानिनेछन् ।**

(क) सञ्चालनमा रहेका उद्यम, व्यवसायको लागि प्रदान भएको रु.१५ लाखसम्मका कर्जाहरू,

(ख) प्राकृतिक प्रकोप वा कुनै महामारीका कारण बन्द रहेतापनि त्यस्तो घटनाअघि सञ्चालनमा रहेका र व्यवसायिक दृष्टिकोणले भविष्यमा सम्भाव्यता रहेका रु.१५ लाखसम्मका कर्जाहरू,

(ग) प्राकृतिक प्रकोपका कारण पुनरुत्थान गर्नुपर्ने **लघु, घरेलु तथा साना उद्यमी**हरूलाई प्रवाह भएका थप कर्जाहरू,

(घ) वैदेशिक रोजगारीबाट फर्केका उद्यमीहरुलाई प्रवाह भएका कर्जाहरु,

(ङ) कृषि उत्पादन तथा प्रशोधन, पशुपंछी पालन, मत्श्यपालन आदिमा प्रवाहित कर्जाहरु,

(च) बैंकले समयसमयमा तोकेका अन्य **लघु, घरेलु तथा साना उद्यम** कर्जाहरू ।

(२) **विशेष पुनरकर्जाका लागि देहायबमोजिमका कर्जाहरू योग्य मानिनेछन् ।**

(क) सञ्चालनमा रहेका निर्यातजन्य उद्योग, व्यवसायलाई प्रवाह भएका कर्जाहरू,

(ख) न्यून आय भएका महिला, आदिवासी, जनजाती, मधेशी, दलित, फरक ढङ्गबाट सक्षम व्यक्तिले सञ्चालन गरेको उद्यम व्यवसायमा प्रवाह भएका कर्जाहरू,

(ग) रुग्ण उद्योग तथा प्राकृतिक प्रकोपबाट प्रभावित क्षेत्रमा प्रदान गरिएका कर्जाहरु,

(घ) वैदेशिक रोजगारीमा जानेलाई प्रवाह भएको कर्जाहरु ।

(३) **साधारण पुनरकर्जाका लागि देहाय बमोजिमका कर्जाहरू योग्य मानिनेछन् ।**

(क) जलविद्युत परियोजना, कृषि क्षेत्र, पशुपंक्षी तथा मत्स्यपालन व्यवसाय, विदेशमा रोजगारी वा अध्ययन गरी फर्केका युवाहरूले सञ्चालन गरेका उद्योग-व्यवसाय, उत्पादनमूलक उद्योग, पर्यटन उद्योग, निर्माण उद्योग, सार्वजानिक यातायात, औषधि उद्योग, डायग्नोष्टिक सेन्टर, स्वास्थ्य शिक्षण संस्था, अस्पताल, फोहरमैला प्रशोधनसँग सम्बन्धित उद्योगमा प्रवाह भएका कर्जाहरू,

(ख) पर्यटकीय सम्भावना रहेका तर तुलनात्मक रुपमा विकास हुन नसकेका पर्यटकीय गन्तव्य पाथिभरा, माइपोखरी, भिमेश्वर, कालिञ्चोक, हलेसी,

लाङटाङ, स्वर्गद्वारी, मनकामना, मुक्तिनाथ, माथिल्लो मुस्ताङ, गढीमाई, जनकपुरधाम, छिन्नमस्ता, पाँच पोखरी, रारा तथा खप्तड लगायतका क्षेत्रमा पर्यटकीय पुर्वाधार स्थापना गर्न प्रदान गरिएका कर्जाहरू ।

(ग) कोभिड-१९ लगायत संक्रामक रोगजन्य महामारीको कारण पूर्णक्षमतामा सञ्चालन हुन नसकेका तर, भविष्यमा सञ्चालनको सम्भावना रहेका उद्यमी व्यवसायीले लिएका कर्जाहरू ।

१३. **पुनरकर्जाका लागि अयोग्य कर्जाहरूः** पुनरकर्जा सुविधाका लागि देहाय बमोजिमका कर्जाहरू अयोग्य मानिनेछन् ।

(१) कुनै उद्यमको लागि नभई व्यक्तिगत प्रयोजनका लागि प्रवाह भएको ओभरड्राफ्ट कर्जा, घर जग्गा कर्जा, सवारी कर्जा, घरायसी सामग्री कर्जा, मार्जिन कर्जा, सुनचाँदी कर्जा, सामाजिक कर्जा तथा व्यक्तिगत नाममा वा व्यक्तिगत उपभोगका लागि लिइएका कर्जाहरू ।

(२) व्याज अनुदान प्राप्त सहुलियतपूर्ण कर्जा लगायतका अन्य अनुदान प्राप्त कर्जाहरु ।

(३) उद्योगको सञ्चालन अवस्था राम्रो रहेको वा विगत तीन वर्षको मुनाफा हेर्दा औस्तमा प्रतिवर्ष पुँजीमा प्रतिफल (Return on Equity) २० प्रतिशत वा सोभन्दा बढी रहेको उद्योग व्यवसायमा प्रवाहित कर्जाहरु ।

(४) चुरोट, बिँडी, सिगार, सुर्ती, खैनी, गुट्खा लगायतका सुर्तीजन्य उद्योग/व्यवसाय र मदिरा तथा मदिराजन्य उद्योग/व्यवसायलाई प्रवाह भएका कर्जाहरु ।

(५) बैंकले समय समयमा तोकेका अन्य कर्जाहरु ।

## परिच्छेद -५
## पुनरकर्जा सुविधाको अनुगमन तथा निरीक्षण

१४. **पुनरकर्जा अनुगमन तथा निरीक्षणः** बैंकबाट प्रदान भएको पुनरकर्जा सुविधाको सदुपयोगिताको लागि देहाय बमोजिम अनुगमन तथा निरीक्षण गर्नुपर्नेछ ।

(१) पुनरकर्जा सुविधाका लागि पेश हुन आएका कर्जाहरू विद्यमान, ऐन, नियम, बैंकको निर्देशन र संस्थाको कर्जा नीति एवम् मार्गदर्शनको परिधिभित्र रही कर्जा सुविधा प्रदान गर्नुपर्ने कर्तव्य सम्बन्धित इजाजतपत्रप्राप्त संस्थाको हुनेछ ।

(२) इजाजतपत्रप्राप्त संस्थाको आन्तरिक लेखापरीक्षणले नियमितरूपमा पुनरकर्जाको अनुगमन र सदुपयोगिता निरीक्षण गर्नुपर्नेछ ।

(३) यस कार्यविधि बमोजिम प्रदान भएको पुनरकर्जाको अनुगमन वा निरीक्षण बैंकको सम्बन्धित सुपरिवेक्षण विभागले गर्नेछ ।

(४) बैंकले वा इजाजतपत्र प्राप्त संस्थाले पुनरकर्जा सदुपयोगिताको निरीक्षण बाह्य लेखापरीक्षकबाट स्वतन्त्ररूपमा समेत गराउन सक्नेछ । त्यस्तो लेखापरीक्षण खर्च सम्बन्धित इजाजतपत्रप्राप्त संस्थाले व्यहोर्नु पर्नेछ ।

(५) इजाजतपत्रप्राप्त संस्थाले अनुगमन तथा निरीक्षण प्रतिवेदन प्रत्येक ६-६ महिनामा बैंकको सम्बन्धित सुपरिवेक्षण विभाग तथा बैंक तथा वित्तीय संस्था नियमन विभागमा पेश गर्नुपर्नेछ ।

## परिच्छेद -६

## इजाजतपत्रप्राप्त संस्थाको जिम्मेवारी

१५. **इजाजतपत्रप्राप्त संस्थाको जिम्मेवारीः** पुनरकर्जा सम्बन्धमा सम्बन्धित इजाजतपत्रप्राप्त संस्थाको जिम्मेवारी देहाय बमोजिम हुनेछ ।

(१) बैंकबाट पुनरकर्जाको लागि आव्हान भएपछि इजाजतपत्रप्राप्त संस्थाको सबै शाखाका ऋणीहरू समावेश हुनेगरी प्रत्येक शाखाबाट कम्तीमा पाँच ग्राहकले यो सुविधा उपयोग गर्न पाउनेगरी बैंकसमक्ष आवेदन पेश गर्नुपर्नेछ ।

(२) पुनरकर्जा सुविधा प्राप्त गर्ने ऋणीहरूको छनोट गर्दा सकभर न्यून आय भएका, व्यवसायमा स्थापित हुने प्रयासमा रहेका, सामाजिक, आर्थिक दृष्टिकोणबाट पछाडि परेका, महिला, दलित, आदिवासी, जनजाती, मधेशी, थारू, मुस्लिम, उत्पीडित वर्ग, अल्पसंख्यक सीमान्तकृत, किसान र फरक ढङ्गले सक्षम व्यक्तिहरूबाट सञ्चालित उद्यम/व्यवसायलाई प्राथमिकता दिनुपर्नेछ ।

(३) पुनरकर्जाको लागि ऋणी छनोट गर्दा **लघु, घरेलु तथा साना उद्यमी**लाई प्राथमिकता दिनुपर्नेछ ।

(४) पुनरकर्जा सुविधाका लागि दोस्रो पटक वा त्यसपछि आवेदन दिँदा सकभर नयाँ ग्राहकलाई छनोट गरी सिफारिस गर्नुपर्नेछ ।

(५) पुनरकर्जा अनुसारको ब्याजदर सुविधाको जानकारी ऋणीलाई गराउनुपर्नेछ ।

(६) पुनरकर्जा सुविधाका लागि बैंकसमक्ष निवेदन पेश गर्नुपूर्व सम्बन्धित ऋणीलाई पुनरकर्जा सुविधाका बारेमा जानकारी गराई ऋणीबाट निवेदन लिनुपर्नेछ ।

(७) पुनरकर्जा सुविधा प्राप्त गरेपश्चात् ऋणीलाई उद्यमीको रूपमा स्थापित गराउन र उद्योग/व्यवसायलाई दिगोपना दिन के कस्तो योगदान पुग्न गएको छ सोको मूल्याङ्कन गरी अभिलेख राख्नुपर्नेछ ।

(८) पुनरकर्जा सदुपयोगिताको सम्बन्धमा इजाजतपत्रप्राप्त संस्थाले आफ्नो आन्तरिक लेखापरीक्षण मार्फत नियमितरुपमा अनुगमन र निरीक्षण नियमित रूपमा गराउनु पर्नेछ ।

(९) पुनरकर्जा सुविधाका लागि पेश हुन आएका कर्जाहरू विद्यमान, ऐन, नियम, बैंकको निर्देशन र संस्थाको कर्जा नीति एवम् मार्गदर्शनको परिधिभित्र रही कर्जा सुविधा प्रदान गर्नुपर्ने कर्तव्य सम्बन्धित इजाजतपत्रप्राप्त संस्थाको हुनेछ ।

(१०) यस कार्यविधि बमोजिम प्रदान भएको पुनरकर्जाको अनुगमन र सदुपयोगिता निरीक्षण सम्बन्धित इजाजतपत्रप्राप्त संस्थाको आन्तरिक लेखापरीक्षकले नियमितरूपमा गर्नुपर्नेछ ।

## परिच्छेद -७

## पुनरकर्जा सम्बन्धी अन्य व्यवस्था

१६. **पुनरकर्जासम्बन्धी अन्य व्यवस्थाहरू:** पुनरकर्जा सुविधा सम्बन्धमा देहायका थप व्यवस्थाहरू लागू हुनेछन् ।

(१) पुनरकर्जा प्रदान गर्दा चालु आर्थिक वर्षमा मर्जर तथा प्राप्ती प्रकृया सम्पन्न गरी एकीकृत कारोबार सम्पन्न गरेका र प्रकृयामा रहेका इजाजतपत्रप्राप्त संस्थाहरुलाई प्राथमिकता दिईनेछ ।

(२) इजाजतपत्रप्राप्त संस्थाहरुले चाहेमा तोकिएको भुक्तानी अवधिभन्दा अघि पुनरकर्जा रकम चुक्ता गर्न सक्नेछन् ।

(३) पुनरकर्जा सुविधा प्राप्त गरिरहेका इजाजतपत्र प्राप्त संस्थाले पुनरकर्जाको त्रयमासिक विवरण त्रयमास समाप्त भएको १५ दिनभित्र सम्बन्धित सुपरिवेक्षण विभागसमक्ष अनुसूची-५ बमोजिम पेश गर्नुपर्नेछ ।

(४) कुनै पनि ऋणीले एक पटकमा एकभन्दा बढी इजाजतपत्रप्राप्त संस्थामार्फत पुनरकर्जा सुविधा उपयोग गर्न पाउने छैनन् ।

(५) कुनै पुनरकर्जा लिएका संस्थाको सहायक संस्थाको रुपमा रहेको वा अन्य व्यवसायिक समूहसँग आबद्ध भएका वा वित्तीय स्वार्थ जोडिएका ग्राहक/ऋणी **लघु, घरेलु तथा साना उद्यम**का लागि प्रदान गरिने पुनरकर्जाका लागि योग्य हुने छैनन् ।

(६) पुनरकर्जा सुविधाका लागि आवेदन दिने र यस्तो सुविधा उपयोग गर्ने ग्राहक/ऋणीको कारोबार/व्यवसाय/परियोजनाको बैंकबाट आवश्यकता अनुसार स्थलगत वा गैरस्थलगत निरीक्षण गर्न सकिनेछ ।

(७) साधारण पुनरकर्जा प्रदान गर्दा नयाँ व्यवसाय/उद्यमी, युवा, महिला तथा दलित समुदायका उद्यमी, **लघु, घरेलु तथा साना उद्यम**, पर्यटन तथा निर्यातजन्य उद्योग, उत्पादनमूलक उद्योग, उर्जा, पिछडिएको क्षेत्र र दुर्गम क्षेत्रमा स्थापित व्यवसाय/परियोजनाको आकार, मुनाफाको स्तर, अर्थतन्त्रमा गरेको योगदान, रोजगारी, कर भुक्तानीको अवस्था, पुनरकर्जा प्रदान गर्दा पुनरकर्जा सुविधाबाट उद्योग व्यवसाय विस्तारमा पुग्ने योगदान समेतको आधारमा प्राथमिकीकरण गरिनेछ ।

(८) पुनरकर्जा सुविधा प्राप्त गर्ने ग्राहक/ऋणीहरूको नामावली सम्बन्धित इजाजतपत्रप्राप्त संस्थाले प्रत्येक त्रयमास समाप्त भएको सात दिनभित्र आफ्नो वेबसाइटमार्फत सरोकारवालाको जानकारीका लागि प्रकाशन गर्नुपर्नेछ ।

सम्बन्धित इजाजतपत्रप्राप्त संस्थाले पुनरकर्जा तमसुकमा तोकिएको मितिमा पुनरकर्जा भुक्तानी गर्नुपर्नेछ ।

(९) पुनरकर्जा माग गर्दा पेश गरिएको ग्राहक ऋणीको व्यवसाय, परियोजना, कारोबार, वित्तीय विवरणलगायतका विषय विश्लेषणबाट पुनरकर्जा प्रदान गर्न उपयुक्त नदेखिएमा जुनसुकै कारणले आंशिक वा पूर्ण रूपमा पुनरकर्जा प्रदान गर्न इन्कार गर्नसक्ने अधिकार बैंकमा निहित रहनेछ ।

## परिच्छेद -८

## दण्ड तथा जरिवाना

१७. **दण्ड तथा जरिवाना** : यस कार्यविधि अनुसार प्रदान गरिएको पुरकर्जा सुविधामा देहायबमोजिम दण्ड, जरिवाना लगाउन सकिनेछ ।

(१) पूर्वनिर्धारित मितिमा पुनरकर्जा रकमको सावाँ/ब्याज असुलउपर हुन नसकेमा थप एक प्रतिशत (वार्षिक) को पेनाल ब्याजदरसहित सम्बन्धित इजाजतपत्रप्राप्त संस्थाको बैंक स्थित खाता खर्च (Debit) गरी रकम असुलउपर गरिनेछ । इजाजतपत्रप्राप्त संस्थाले जरिवाना तिरेको मितिले छ महिनासम्म पुनरकर्जाको लागि आवेदन दिन योग्य हुने छैनन् ।

(२) झुट्टा विवरण पेश गरी पुनरकर्जा माग गरेमा वा प्राप्त गरेमा, ग्राहक/ऋणीलाई पुनरकर्जा वापतको व्याज सहुलियत प्रदान नगरेमा त्यस्तो पुनरकर्जा प्राप्त गर्ने इजाजतपत्रप्राप्त संस्थाको पुनरकर्जा माग गर्ने पदाधिकारीलाई नेपाल राष्ट्र बैंक ऐन २०५८ बमोजिमको कारवाही गरिनेछ ।

१८. **बाधा अड्काउ फुकाउः** यस कार्यविधि अनुसार कार्यसम्पादन गर्दा कुनै वाधा अड्चन आएमा गभर्नरले बाधा अड्काउ फुकाउन सक्नेछ ।

१९. **बचाउः** यो कार्यविधि लागू हुनुभन्दा पहिले भएका पुनरकर्जासम्बन्धी काम कारवाही यसै कार्यविधि अनुसार भएको मानिनेछ ।

***

## अनुसूची-१

### पत्रको नमूना

पत्र संख्या : ............................... मितिः २० .. /../..

**श्री नेपाल राष्ट्र बैंक**
**बैंकिङ कार्यालय/विभाग**
**बालुवाटार, काठमाडौं ।**

**विषयः (पुनरकर्जाको प्रकार) सुविधा स्वीकृत गरिएको सम्बन्धमा ।**

महाशय,

उपर्युक्त सम्बन्धमा ............(इजाजतपत्रप्राप्त संस्थाको नाम) लाई यस बैंकको नीतिगत व्यवस्थाबमोजिम देहायका ग्राहक/ऋणी कम्पनीहरूको नाममा देहायबमोजिमको अवधिका लागि जम्मा रु. ... ... ... ... ... ... .... (अक्षरेपी ..................................................... मात्र) **लघु, घरेलु तथा साना उद्यम**, विशेष र साधारण पुनरकर्जा सुविधा उपलब्ध गराउने तथा निम्न शर्तहरूको अधीनमा रहनेगरी उक्त रकम नियमानुसार तमसुक गराई त्यस कार्यालयमा रहेको उक्त बैंकको खातामा जम्मा गर्ने व्यवस्थाको लागि निर्णयानुसार अनुरोध गर्दछु ।

| क्र.सं | ग्राहक/ऋणी कम्पनीको नाम | कर्जा शीर्षक | कर्जा रकम रु. | अवधि |
|---|---|---|---|---|
| १. | | | | |
| जम्मा | | | | |

भवदीय,

दस्तखत
(नाम ......)
(पद .......... )

**कार्यार्थः**
**श्री इजाजतपत्रप्राप्त संस्थाको नाम**
**केन्द्रीय कार्यालय ।**
**(ठेगाना)**

त्यस संस्थाको मिति ................ पत्र संख्या ........ च.नं. ... को पत्रानुसार अनुरोध भई आएको सन्दर्भमा विद्यमान नीतिगत व्यवस्था, प्रचलित कानून एवं कार्यविधिबमोजिम ............ अवधिका लागि जम्मा रु. ............ ..........(अक्षरेपी ........................................ मात्र) **लघु, घरेलु तथा साना उद्यम**, विशेष र साधारण पुनरकर्जा सुविधा स्वीकृत भएको व्यहोरा निर्णयानुसार अनुरोध गर्दछु ।

साथै, नेपाल राष्ट्र बैंक, बैंकिङ कार्यालय/विभागमा सम्पर्क गरी तमसुक गरी प्राप्त हुने पुनरकर्जा रकमको ब्याज सुविधा सम्बन्धित ऋणीहरूलाई उपलब्ध गराउनुहुन समेत अनुरोध गर्दछु ।

**शर्तहरू**

(टिप्पणीबमोजिम)

**बोधार्थ :**

**श्री नेपाल राष्ट्र बैंक**
**सम्बन्धित सुपरिवेक्षण विभाग ।**

पुनरकर्जाका अन्य शर्तहरूका अतिरिक्त ............(इजाजतपत्रप्राप्त संस्थाको नाम) ले उपरोक्तानुसारको साधारण पुनरकर्जा उपयोग गर्दा ग्राहक/ऋणीहरूलाई तोकिएबमोजिम ब्याजदर कायम गरे/नगरेको तथा सम्बन्धित उद्यमीलाई प्रदान गरे/नगरेको सम्वन्धमा अनुगमन गर्ने, गराउने व्यवस्थाको लागि निर्णयानुसार अनुरोध गर्दछु ।

**अनुसूची-२ (क)**
**पुनरकर्जा तमसुकको नमूना**
**(एकमुष्ट पुनरकर्जा प्रदान गरिनेको हकमा)**

लिखितम धनीका नाम का.जि. का.म.न.पा. ... ... ... ... ... स्थित नेपाल राष्ट्र बैंक, बैकिङ्ग कार्यालय आगे .................. मा केन्द्रीय कार्यालय रहेको .................... ऋण लिने ऋणीको नाम .................. बैंक/वित्तीय संस्था लिमिटेडले नेपाल राष्ट्र बैंकबाट पुनरकर्जा प्रदान गर्ने सम्बन्धमा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ४९ ले गरेको व्यवस्था अन्तर्गत नेपाल राष्ट्र बैंकसँग आजका मितिमा रु. ............ ..........(अक्षरेपी .............................................. ............. मात्र) कर्जा लिएको ठीक साँचो हो । उक्त कर्जा लिएको रकम वापत ऋणीले आफ्नो संलग्नबमोजिमको ग्राहक/ऋणीलाई प्रवाह गरेको कर्जा मध्ये संलग्न विवरण अनुसारको कर्जा र पुनरकर्जाको लागि यस बैंकलाई लेखिदिएको तमसुक धितो सुरक्षणको रुपमा राखिदिएका छौं । तपसिल बमोजिमको धितो सुरक्षणमा राखिएको कर्जाको विवरण तथा शर्तहरू ठीक साँचो हो । यस सम्बन्धमा नेपाल राष्ट्र बैंकबाट जारी विद्यमान नीतिगत व्यवस्था तथा नेपाल राष्ट्र बैंकले समयसमयमा तोकेको शर्त/मापदण्ड पालना गर्नेछौं । शर्तहरू पालना नगरेमा उक्त धितो तथा ..... इजाजतपत्रप्राप्त संस्थाको नाम ..... को अन्य चल-अचल सम्पत्ति समेतबाट उक्त रकम असुल गरी लिनु भनी इजाजतपत्रप्राप्त संस्थाको सञ्चालक समितिको निर्णय/सहमति समेत रहेकोले नेपाल राष्ट्र बैंक, बैंकिङ कार्यालय/विभाग, बालुवाटार, काठमाडौंमा बसी यो तमसुक लेखी धनी नेपाल राष्ट्र बैंकमा चढायौं ।

तपसिल

**क. धितोको विवरण : संलग्नबमोजिम**

**ख. शर्तहरूः**

१. ... ... ... ... अवधिका लागि मात्र यो पुनरकर्जा सुविधा प्रदान गरिएको छ ।

२. पुनरकर्जा वापत धनी बैंकलाई वार्षिक ..... प्रतिशतका दरले ब्याजसहित एकमुष्ट रुपमा साँवा ब्याज बुझाउनु पर्नेछ ।

३. सम्बन्धित इजाजतपत्रप्राप्त संस्थाले पुनरकर्जा वापतको रकमबाट कर्जा प्राप्त गर्ने आफ्ना ग्राहक/ऋणीलाई बढीमा ... प्रतिशतसम्म थप ब्याज कायम गर्नुपर्नेछ । यस्तो ब्याजदर पुनरकर्जा वापतको रकम उपयोग भएसम्म कायम हुनेछ ।

४. निर्धारित समयभित्र पुनरकर्जा भुक्तान नगरेमा एक प्रतिशत पेनाल ब्याजदर लाग्नेछ । नेपाल राष्ट्र बैंकले ऋणी बैंक वा वित्तीय संस्थाको खाता खर्च (Debit) गरी उक्त रकम असुलउपर गर्नसक्नेछ ।

५. पुनरकर्जा उपभोग गरेका इजाजतपत्रप्राप्त संस्थाहरूले साँवा/ब्याज भुक्तानी म्याद समाप्त भएको दिन सो रकम भुक्तानी नगरेमा नेपाल राष्ट्र बैंकस्थित सम्बन्धित संस्थाको जुनसुकै खाता खर्च लेखी कर्जा असुलउपर गरी लिन र सोको खर्च गर्ने अख्तियारी नेपाल राष्ट्र बैंकलाई रहनेछ । यसमा पछि कुनै उजुरी वा दाबी लाग्ने छैन ।

६. धितोको रुपमा नेपाल राष्ट्र बैंकलाई दिइएको तमसुकमा उल्लिखित कर्जाको जोखिमलगायत सबै जिम्मेवारी .....इजाजतपत्रप्राप्त संस्थाको नाम ..... कै हुनेछ ।

७. ऋणी .....इजाजतपत्रप्राप्त संस्थाको नाम ..... ले धितो स्वरुप राखेको तमसुकमा उल्लेख भएको ग्राहकको चलअचल माल वस्तु र नेपाल राष्ट्र बैंकबाट कर्जा लिई लगानी गरेको उद्योग तथा व्यवसाय समेतको नेपाल राष्ट्र बैंक वा बैंकको प्रतिनिधिले जुनसुकै बखत निरीक्षण गर्दा उपलब्ध गराउनु वा देखाउनुपर्नेछ ।

८. पुनरकर्जा सुविधाको सम्बन्धमा समयसमयमा मागेको विवरण तोकिएको बखत म्यादभित्र ऋणी .....इजाजतपत्रप्राप्त संस्थाको नाम ..... ले नेपाल राष्ट्र बैंकलाई उपलब्ध गराउनुपर्नेछ ।

९. धितो सुरक्षणमा लिइएको सुरक्षणमा पहिलो दाबी (First Charge) नेपाल राष्ट्र बैंकको हुनेछ ।

१०. ऋण प्रयोग सम्बन्धमा यसैसाथ संलग्न नीतिगत शर्त तथा मापदण्डहरू पालना गर्ने प्रतिबद्धता व्यक्त गरिएको छ । सोबमोजिम नगरेमा प्रचलित नेपाल राष्ट्र बैंक ऐन, २०५८ तथा बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ अनुसार सजाय भएमा मञ्जुरी छ ।

११. शर्त र मापदण्डमा आवश्यकता अनुसार नेपाल राष्ट्र बैंकले परिमार्जन वा संशोधन गर्नसक्नेछ ।

| नेपाल राष्ट्र बैंकको तर्फबाट अख्तियार प्राप्त व्यक्ति | | .... .... .... ... को तर्फबाट अख्तियार प्राप्त व्यक्ति | |
|---|---|---|---|
| दस्तखत : | | दस्तखत : | |
| नाम : | | नाम : | |
| पद : | छापः | पद : | छाप : |
| विभाग/कार्यालय : | | विभाग/कार्यालयः | |

इति सम्बत् ........ साल ............ महिना .......गते रोज ....... शुभम् ।

धितोको विवरण

| परियोजना वा ऋणीको नाम | धितो सुरक्षणमा राखिएको कर्जा |
|---|---|
| | |

## अनुसूची-२ (ख)
## पुनरकर्जा तमसुकको नमूना
### (ग्राहक/ऋणी अनुसार प्रदान गरिने पुनरकर्जाको हकमा)

लिखितम धनीका नाम का.जि. का.म.न.पा. ... ... ... ... ... स्थित नेपाल राष्ट्र बैंक, बैकिङ्ग कार्यालय आगे .............मा केन्द्रीय कार्यालय रहेको ऋण लिने ऋणीको नाम ........, ............... बैंक/वित्तीय संस्था लिमिटेडले नेपाल राष्ट्र बैंकबाट पुनरकर्जा प्रदान गर्ने सम्बन्धमा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ४९ ले गरेको व्यवस्थाअन्तर्गत नेपाल राष्ट्र बैंकसँग आजका मितिमा रु. ............ ..........(अक्षरेपी ............................................. ............. मात्र) पुनरकर्जा लिएको ठीक साँचो हो । उक्त पुनरकर्जा लिएको रकम वापत ऋणीले आफ्नो निम्नबमोजिमको ग्राहक/ऋणीलाई प्रवाह गरेको कर्जामध्ये संलग्न विवरण अनुसारको कर्जा र पुनरकर्जाको लागि यस बैंकलाई लेखिदिएको तमसुक पुनरकर्जा सुविधाको लागि धितो सुरक्षणको रुपमा राखिदिएका छौं । तपसिलबमोजिमको धितो सुरक्षणमा राखिएको कर्जाको विवरण साँचो हो । यस सम्बन्धमा नेपाल राष्ट्र बैंकबाट जारी विद्यमान नीतिगत व्यवस्था तथा नेपाल राष्ट्र बैंकले समयसमयमा तोकेको शर्त तथा मापदण्ड पालना गर्नेछौं । शर्त तथा मापदण्डहरू पालना नगरेमा उक्त धितो तथा ऋणी बैंकको अन्य चलअचल सम्पत्ति समेतबाट उक्त रकम असुल गरी लिनु भनी ...... इजाजतपत्रप्राप्त संस्थाको नाम......... को सञ्चालक समितिको निर्णय/सहमति समेत रहेकोले नेपाल राष्ट्र बैंक, बैंकिङ कार्यालय, ............, काठमाडौंमा बसी यो तमसुक लेखी धनी नेपाल राष्ट्र बैंक समक्ष बुझायौं ।

तपसिल

**क. धितोको विवरण**

| परियोजनाको नाम | धितो सुरक्षणमा राखिएको कर्जाको विवरण | नेपाल राष्ट्र बैंकबाट प्राप्त पुनरकर्जा |
|---|---|---|
| | | |

**ख. शर्तहरू:**

१. ... ... ... ... अवधिका लागि मात्र यो पुनरकर्जा सुविधा प्रदान गरिएको छ ।

२. पुनरकर्जावापत धनी बैंकलाई वार्षिक ..... प्रतिशतका दरले ब्याजसहित एकमुष्ट रुपमा साँवा ब्याज बुझाउनुपर्नेछ ।

३. सम्बन्धित इजाजतपत्रप्राप्त संस्थाले पुनरकर्जावापतको रकमबाट कर्जा प्राप्त गर्ने आफ्ना ग्राहक/ऋणीलाई बढीमा ... प्रतिशतसम्मब्याज कायम गर्नुपर्नेछ । यस्तो ब्याजदर पुनरकर्जावापतको रकम उपयोग भएसम्म कायम हुनेछ ।

४. निर्धारित समयभित्र पुनरकर्जा भुक्तान नगरेमा एक प्रतिशत पेनाल ब्याजदर लाग्नेछ । नेपाल राष्ट्र बैंकले ऋणी बैंक वा वित्तीय संस्थाको खाता खर्च (Debit) गरी उक्त रकम असुल उपर गर्नसक्नेछ ।

५. पुनरकर्जा उपभोग गरेका इजाजतपत्रप्राप्त संस्थाहरूले साँवा/ब्याज भुक्तानी म्याद समाप्त भएको दिन सो रकम भुक्तानी नगरेमा नेपाल राष्ट्र बैंकस्थित सम्बन्धित संस्थाको जुनसुकै खाता खर्च लेखी कर्जा असुलउपर गरी लिन र सोको खर्च गर्ने अख्तियारी नेपाल राष्ट्र बैंकलाई रहने छ । यसमा पछि कुनै उजुरी वा दाबी लाग्नेछैन ।

६. धितोको रुपमा नेपाल राष्ट्र बैंकलाई दिइएको तमसुकमा उल्लिखित कर्जाको जोखिमलगायत सबै जिम्मेवारी .....इजाजतपत्रप्राप्त संस्थाको नाम ..... कै हुनेछ ।

७. ऋणी .....इजाजतपत्रप्राप्त संस्थाको नाम ..... ले धितो स्वरुप राखेको तमसुकमा उल्लेख भएको ग्राहकको चलअचल माल वस्तु र नेपाल राष्ट्र बैंकबाट कर्जा लिई लगानी गरेको उद्योग तथा व्यवसाय समेतको नेपाल राष्ट्र बैंक वा बैंकको प्रतिनिधिले जुनसुकै बखत निरीक्षण गर्दा उपलब्ध गराउनु वा देखाउनुपर्नेछ ।

८. पुनरकर्जा सुविधाको सम्बन्धमा समयसमयमा मागेको विवरण तोकिएको बखत म्यादभित्र ऋणी ..... इजाजतपत्रप्राप्त संस्थाको नाम ............... ले नेपाल राष्ट्र बैंकलाई उपलब्ध गराउनुपर्नेछ ।

९. धितो सुरक्षणमा लिइएको सुरक्षणमा पहिलो दावी (First Charge) नेपाल राष्ट्र बैंकको हुनेछ ।

१०. ऋण प्रयोग सम्बन्धमा यसैसाथ संलग्न नीतिगत शर्त तथा मापदण्डहरू पालना गर्ने प्रतिबद्धता व्यक्त गरिएको छ । सोबमोजिम नगरेमा प्रचलित नेपाल राष्ट्र बैंक ऐन, २०५८ तथा बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ अनुसार सजाय भएमा मञ्जुरी छ ।

११. शर्त र मापदण्डमा आवश्यकता अनुसार नेपाल राष्ट्र बैंकले परिमार्जन वा संशोधन गर्न सक्नेछ ।

| नेपाल राष्ट्र बैंकको तर्फबाट अख्तियार प्राप्त व्यक्ति | | ... ... ... ... ... को तर्फबाट अख्तियार प्राप्त व्यक्ति | |
|---|---|---|---|
| दस्तखत : | | दस्तखत : | |
| नाम : | | नाम : | |
| पद : | छाप: | पद : | छाप : |
| विभाग/कार्यालय : | | विभाग/कार्यालय: | |

इति सम्बत् ........ साल ........... महिना .......गते रोज ....... शुभम् ।

मस्यौदा

## अनुसुची-३

## पुनरकर्जा उपयोगको विवरण

ऋणीको नामः … … … … … … … … … … …

| क्र.सं. | पुनरकर्जा प्राप्त गर्ने इजाजतपत्रप्राप्त संस्था | पुनरकर्जा प्राप्त मिति | पुनरकर्जा भुक्तानी मिति | रकम रु. | पुनरकर्जाको किसिम |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

मस्यौदा

## अनुसुची-४

## कर्जाको विवरण

| क.सं. | ऋणीको नाम | कर्जा शीर्षक | कर्जा प्रवाह मिति | भुक्तानी मिति | कर्जा वर्गीकरण | कर्जा रकम रु.( लाखमा) | सुरक्षणको विवरण |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

माथि उल्लिखित विवरणहरू ठीक साँचो हो, झुठ्ठा ठहरे कानुनबमोजिम सहुँला बुझाउँला । कथंकदाचित धितोमा राखेको असल कर्जाहरू निष्क्रिय कर्जामा परिणत भए सोको जानकारी नेपाल राष्ट्र बैंकलाई उपलब्ध गराई सोको सट्टामा अर्को असल कर्जा सुरक्षणस्वरुप उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गर्दछौं ।

**... ... ... ... ... ... ... बैंक/वित्तीय संस्थाको तर्फबाट**

**दस्तखतः** ... ... ...

**नामः** ... ... ... ... ... ... ... ...

**पदः** ... ... ... ... ... ...

**छापः** ... ...

**विभाग/कार्यालयः** ... ...

## अनुसूची-५

नेपाल राष्ट्र बैंक
... ... ... ... ... ... सुपरिवेक्षण विभाग
काठमाडौं ।

मिति ... .. ...

## पुनरकर्जाको त्रयमासिक विवरण

### कर्जाको विवरण

| क्र. स | ऋणीको नाम | कर्जा शीर्षक | कर्जा प्रवाह मिति | कर्जा भाखा नाघ्ने मिति | कर्जाको बक्यौता | पुनरकर्जाको विवरण | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | लिएको मिति | रकम रु. (लाखमा) | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

त्रयमास समाप्त भएको १५ दिनभित्र पेश गर्ने ।

... ... ... ... ... ... ... बैंक/वित्तीय संस्थाको तर्फबाट

दस्तखतः ... ... ...

नामः ... ... ... ... ... ... ... ...

पदः ... ... ... ... ... ...

छापः ... ...

विभाग/कार्यालयः ... ...

मस्यौदा

अनुसूची-६

मितिः ............./......./.....

श्री नेपाल राष्ट्र बैंक

बैंक तथा वित्तीय संस्था नियमन विभाग ।

विषयः एकमुष्ट पुनरकर्जाका प्रदान गर्ने सम्वन्धमा ।

महाशय,

त्यस बैंकबाट प्रदान हुने पुनरकर्जा सुविधाका लागि देहायबमोजिमको कर्जा विवरण यसै निवेदन साथ संलग्न गरी पेश गरेका छौं । देहायबमोजिमका कर्जाहरू विद्यमान, ऐन, नियम, नेपाल राष्ट्र बैंकको निर्देशन र संस्थाको कर्जा नीति एवम् मार्गदर्शनको परिधिभित्र रही प्रवाह भएको व्यहोरा प्रमाणित गर्दै संलग्न कर्जाहरुका लागि पुनरकर्जा माग गर्ने निर्णय सञ्चालक समितिबाट भएको व्यहोरा समेत अनुरोध गर्दछु ।

भवदीय,

(प्रमुख कार्यकारी अधिकृत)
इजाजतपत्रप्राप्त संस्थाको नाम र ठेगाना

(१) लघु, घरेलु तथा साना उद्यम कर्जा

*(रकम रु लाखमा)*

| शाखा | शाखा कोड (ने.रा.बैं. अनुसार) | ऋणी को नाम | परियोजना स्थलको ठेगाना | | | लगानी/ कारोबार मिति | क्षेत्रगत कर्जाको कोड | कोषमा आधारित कर्जा | | | | | अन्तिम भुक्तानी मिति | कर्जा बर्गीकरण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | प्रदेश | जिल्ला | स्थानीय तह | | | कर्जा प्रकार | स्वीकृत सीमा (रु) | बाँकी साँवा (रु) | बाँकी ब्याज (रु) | भाखा नाघेको साँवा (रु) | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | कुल जम्मा :- | | | | | | | | | | | | | | |

(२) विशेष पुनरकर्जा

*(रकम रु लाखमा)*

| शाखा | शाखा कोड (ने.रा.बैं. अनुसार) | ऋणी को नाम | परियोजना स्थलको ठेगाना | | | लगानी/ कारोबार मिति | क्षेत्रगत कर्जाको कोड | कोषमा आधारित कर्जा | | | | | अन्तिम भुक्तानी मिति | कर्जा बर्गीकरण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | प्रदेश | जिल्ला | स्थानीय तह | | | कर्जा प्रकार | स्वीकृत सीमा (रु) | बाँकी साँवा (रु) | बाँकी ब्याज (रु) | भाखा नाघेको साँवा (रु) | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | कुल जम्मा :- | | | | | | | | | | | | | | |

(३) साधारण पुनरकर्जा

*(रकम रु लाखमा)*

| शाखा | शाखा कोड (ने.रा.बैं. अनुसार) | ऋणी को नाम | परियोजना स्थलको ठेगाना | | | लगानी/ कारोबार मिति | क्षेत्रगत कर्जाको कोड | कोषमा आधारित कर्जा | | | | | अन्तिम भुक्तानी मिति | कर्जा बर्गीकरण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | प्रदेश | जिल्ला | स्थानीय तह | | | कर्जा प्रकार | स्वीकृत सीमा (रु) | बाँकी साँवा (रु) | बाँकी ब्याज (रु) | भाखा नाघेको साँवा (रु) | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | कुल जम्मा :- | | | | | | | | | | | | | | |

(४) कुल पुनरकर्जा

*(रकम रु लाखमा)*

| क.सं. | पुनरकर्जाको प्रकार | रकम | कैफियत |
|---|---|---|---|
| १. | लघु, घरेलु तथा साना उद्यम | | |
| २. | विशेष | | |
| ३. | साधारण | | |
| | कूल रकम | | |